आज मिति २०८१ साल मंसिर २६ गते बुधबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठक कार्यवाहक नगर प्रमुख श्री उमा गोतामेज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति:

१. श्री उमा गोतामे (कार्यवाहक नगर प्रमुख)
२. श्री ध्रुवराज पौडेल - निमित्त प्रमुख प्रशासकीय अधिकृत (सचिव)
३. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
६. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
११. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१३. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१४. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
१९. श्री रविन भुजेल (का.पा. सदस्य)
२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२१. श्री सावित्री सुनार (का.पा. सदस्य)
२२. श्री सकिना खातुन (का.पा. सदस्य)
२३. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थिति:

२४. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२५. श्री अमृता वस्नेत (वरिष्ठ प्रशासन सहायक)
२६. श्री अमित लामा (३ नं. वडा सदस्य)

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०८/२६ गते बसेको आ.व.२०८१/०८२ को पाँचौ बैठकका निर्णयहरु:

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०८१/०७/२९ गते बसेको आ.व. २०८१/०८२ को चौथो कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ११ वटा निर्णयहरु भएकोमा ९ वटा निर्णय कार्यान्वयन भएको र निर्णय नं. १० र ११ मात्र कार्यान्वयनको चरणमा रहेको पाइयो ।

निर्णय नं.२ भानु नगरपालिका अन्तरगतका कार्यालय एंव बजार क्षेत्रहरुका विभिन्न स्थानमा जडान गरिएका CCTV क्यामराको निरिक्षण गरी बिग्रिएका CCTV क्यामराको मर्मत संभार गर्ने साथै भानु नगरपालिका भित्रका विभिन्न स्थानमा रहेका सडक बत्तीहरुको समेत निरिक्षण गरी बिग्रिएका सडक बत्तीहरुको मर्मत संभार गर्ने र उक्त मर्मत संभार खर्च कार्यालयको मेसिनरी औजार खरिद तथा मर्मत शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं.३ भानु जन्मस्थलको गुरुयोजना निर्माणका लागि आवेदन गरेका २७ वटा फर्महरुको लिस्टिङ गरी छनौट प्रक्रियालाई अगाडि बढाउने र तत्कालका लागि सम्बन्धित मन्त्रालयमा बजेट माग गर्दा DPR को आधारमा आवश्यक कागजात प्रक्रिया पुर्याउनका लागि परामर्श सेवाबाट विस्तृत परियोजना प्रतिवेदन DPR तयार गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

निर्णय नं.४ भानु नगरपालिका वडा नं.१ साजबोटेमा रहेको कृषि उपज संकलन केन्द्र भवन भाडामा लगाउनका लागि पहिलो पटक मिति २०८०/०४/३० गते र दोस्रो पटक मिति २०८०/०८/१३ गते सटर भाडामा लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गर्दा भाडामा नलागेको हुदाँ उक्त भवनको भाडादर पुनरावलोकन गरी तपसिल बमोजिम पुनः निर्धारण गरी नियमानुसार टेण्डर प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

तपसिल:

१. कृषि उपज संकलन केन्द्रको भुई तला दोहोरो मोहोडा भएको छेउपट्टीको सटर (सटर नं.१) को मासिक न्यूनतम भाडा रु. ५,०००।(अक्षरुपी पाँच हजार) ।
२. भुई तलाको बाँकी ३ वटा सटरहरु (सटर नं.२, ३, ४) को प्रति सटर न्यूनतम भाडा रु. ३५००।(अक्षरुपी तीनहजार पाँचसय) ।



प्रशासकीय अधिकृत

उप-प्रमुख

३. पहिलो तला दोहोरो मोहोडा भएको छेउपट्टीको सटर (सटर नं. ५) को मासिक न्यूनतम भाडा रु.३,००० । (अक्षरुपी तीन हजार) ।

४. पहिलो तलाको बाँकी २ वटा सटरहरु (सटर नं.६ र ७) को प्रति सटर मासिक न्यूनतम भाडा रु. २५०० । (अक्षरुपी दुई हजार पाँचसय) ।

<u>निर्णय नं.५</u> यस नगरपालिकामा अमिन पदमा कार्यरत स्थायी कर्मचारी श्री सुवाष लौडारीले निजी प्रयासमा अध्ययन गर्न जानको लागि ३ वर्ष असाधारण विदाको लागि निवेदन दिनु भएकोमा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११२ बमोजिम मिति २०८०/०७/१७ गते निजी प्रयासमा अध्ययन गर्न १ वर्षका लागि असाधारण विदा स्वीकृत गरिएकोमा निजको असाधारण विदा समाप्त भएको हुदाँ पुनः १ वर्षका लागि असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो । साथै भानु नगरपालिकाका जन स्वास्थ्य निरीक्षक श्री सुभाष रेग्मीले कार्यालय समय भन्दा अगाडि विहान ६ बजेदेखि ९ बजे सम्म अध्यापन गर्नका लागि अनुमती माग गरेको हुदाँ कार्यालयको काममा प्रभाव नपर्ने गरी कार्यालयलाई आवश्यकता परेको बेला जुनसुकै वखत उपस्थित हुने सर्तमा निजलाई कार्यालय समय भन्दा बाहेकको समयमा अन्यत्र कार्य गर्न सक्ने गरी स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.६</u> भानु न.पा. अन्तर्गतका तपसिल बमोजिमका खानेपानीका मुहान (मूल) दर्ता गर्नका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

| सि.नं. | समितिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | नयाँ बस्ती वोरिङ खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु १ | |
| २. | दोरदोरटार जयापानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु ३ | |
| ३. | गोगने खोल्सी धारा मुल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु ४ | |
| ४. | ढकालथर खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु ४ | |
| ५. | लामाटारी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु ६ | |
| ६. | शिरशिरे खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु ८ | |

२०८१/०८/२६

नि.प्रमुख प्रशासकीय अधिकृत



२०८१/०८/२६

उमा कोइराला
उप-प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फूरौटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

<u>निर्णय नं.७</u> संघीयता कार्यान्वयन पश्चात शुरु नियुक्ति तथा पदस्थापन भई एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा रहेका स्थानीय तहका कर्माचारी असिष्टेन्ट सब ईञ्जनियर श्री खिम बहादुर बुढाले मिति २०८१/०६/२९ मा कर्णाली प्रदेश सरवारबाट प्रमाणिकरण भई जारी भएको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा १३६ को पदस्थापना सम्बन्धी विशेष व्यवस्था अनुसार सोही दफाको उपदफा २ बमोजिम हाल कामकाज गरि रहेकै स्थानीय तहमा पदस्थापनका लागि मिति २०८१/०८/२० गते निवेदन पेश गरेकाले माग बमोजिम नै पदस्थापन गरिदिएमा फरक नपर्ने हुदाँ सहमती प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.८</u> जिल्ला प्रशासन कार्यालय, तनहुँको च.नं.२१७५, मिति २०८१/०८/२४ गतेको पत्रानुसार राष्ट्रिय परिचयपत्र वितरणका लागि तपसिल बमोजिमका सामग्री तथा उपकरण यस नगरपालिकाबाट व्यवस्थापन गरिदिने अनुरोध भएको हुदाँ मेसिनरी औजार खरिद शीर्षकबाट उक्त सामग्री तथा उपकरण खरिद गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | सामग्री/उपकरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|
| १. | VPN ROUTER | १ | थान | |
| २. | USB HUBS | १ | थान | |
| ३. | KEY BORD | १ | थान | |
| ४. | MOUSE | १ | थान | |

<u>निर्णय नं.९</u> भानु नगरपालिका वडा नं.३ को सुनथैलीमा रहेको चार पाँच वटा जिर्ण रुखद्वारा जुनसुकै समयमा पनि मानवीय क्षती हुन सक्ने भएको हुदाँ उक्त रुखहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्व अगाडी बढाउने निर्णय गरियो।



२०८१/०८/२६

उमा औताने
उप-प्रमुख
२०८१/०८/२६ गते